संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-३२
२०८१ साउन ३१ गते, बिहीवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित : ३:३७ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको बत्तिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य पदम बहादुर परियारले** दलित समुदायले विभेद, अपमान, अमानवीय व्यवहार खेप्नुपरेको बताउँदै कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिकामा साउन १० गते भलिबल खेल्ने क्रममा सामान्य विवाद हुँदा दलित समुदायका विशाल परियारलाई कुटपिट गरेको बताउनुभयो।

**माननीय सदस्य रुकमिणी कोइराला**ले एक स्थानीय महिला भत्ता बुझेर आउँदै गर्दा चितुवाले आक्रमण गरेर मृत्यु भएको विषय उल्लेख गर्दै यो कुरा विडम्बनापूर्ण भएको बताउनुभयो।

**माननीय सदस्य रेनु चन्द**ले डडेल्धुराको रङ्गुन नदीमा मोटरेवलपुल निर्माण गर्नका लागि छुट्याएको बजेट अपुग भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। बाढीपहिरोका कारण आलिताल गाउँपालिका वडा नम्बर-७ मा धेरै घरपरिवारहरू विस्थापित भएको बताउँदै उचित व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले बाढीपहिरोका कारण देशका विभिन्न स्थानमा जनधनको क्षति भएको बताउँदै उचित राहत र व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा**ले कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नम्बर- ९ ल्वाङघलेल गाउँमा सामान्य विवाद हुँदा विशाल परियारलाई कुटपिट गरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी**ले नुवाकोटाको ओखरपौवा स्थित बन्चरेडाँडामा फ्याँकिने फोहोरका कारण त्यहाँका स्थानीयबासीलाई स्वास्थ्य समस्या देखिएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै सभा सञ्चालन भएको हरेक दिन शून्य समय चक्रीय आधारमा रहने कुरा सभासमक्ष जानकारी दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य सोनाम गेल्जेन शेर्पा**ले २०८१ साउन २६ गते सोलुखुम्बु दुधकुण्डी नगरपालिका वडा नम्बर- ६ नयाँबजार डाँडा गाउँ स्थित सल्लेरी च्याल्सा जलविद्युत कम्पनीमा कार्यरत कर्मचारीहरूले रुख काट्ने क्रममा कम्पनीमा कार्यरत विष्णु राईको मृत्यु भएको र अन्य ४ जना घाइते भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सामाजिक सुरक्षा भत्ताको सन्दर्भमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको कारण भत्ता वितरण प्रणाली प्रभावकारी भएको बताउनुभयो।

**माननीय सदस्य झक्कु प्रसाद सुवेदी**ले टीआरसी विधेयक प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा आएको बताउँदै शान्ति प्रक्रियाका बाँकी भएका कार्यहरू पूरा हुने बताउनुभयो।

**माननीय सदस्य नारायण दत्त भट्ट**ले सङ्क्रमणकालीन न्यायसम्बन्धी टीआरसी विधेयक छलफलमा आएको र यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। देशभर बाढीपहिरोका कारण जनधनको क्षति भएको बताउँदै उचित राहत र व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। संविधान संशोधन गरेर महिला दलित आदिवासी जनजाति पिछडिएका वर्गको अधिकार सुनिश्चित गर्ने कुराप्रति छलफल गर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमिल्सिना**ले देशमा ४० वटा सार्वजनिक संस्थानहरू रहेको बताउँदै संस्थानहरू उचित व्यवस्थापन गरे जनता स्वरोजगार हुने कुराप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। नेपालमा उद्योगधन्दाका लागि कच्चा पदार्थहरू प्रशस्त मात्रामा भए तापनि कच्चा पदार्थहरूको उचित उपयोग नभएको बताउनुभयो।

**माननीय सदस्य मोहम्मद खालिद**ले जनकपुर स्थित कमला नदीमा नयाँ पुल निर्माण कार्य समयमा सम्पन्न नहुँदा स्थानीयबासीले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। टीआरसी विधेयक प्रतिनिधि सभाबाट पारित भएको विषय स्वागतयोग्य रहेको बताउँदै मधेस आन्दोलन र अन्य जातजातिका आन्दोलनहरूलाई पनि यसमा जोड्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले देशका युवा शक्तिहरू विदेश पलायन भएको बताउँदै देशमा नै उद्योगधन्दा कलकारखानाको उचित व्यवस्थापन गरे र रोजगारीको सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। वैदेशिक रोजगारमा लामो समय काम गरेर फर्केका ज्ञान, सीप भएका लगानीकर्ताहरूलाई सरकारले विशेष अनुदान, सहयोग र सहकार्य गर्न सके समग्र अर्थतन्त्र सुदृढ हुने बताउनुभयो। राज्यको स्थायी सरकारको रूपमा रहेको कर्मचारी संयन्त्र अन्योल अवस्थामा रहेको बताउँदै त्यसप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे**ले बाढीपहिरोका कारण देशका विभिन्न स्थानमा घरपरिवार विस्थापित भएको बताउँदै उचित राहत र घाइते परिवारलाई समयमा उपचार सेवा उपलब्ध गराउनुपर्ने बताउनुभयो। देशमा सबै जनताप्रति समान व्यवहार नभएसम्म देशमा स्थायी शान्ति हुन नसक्ने बताउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी**ले टीआरसी विधेयक सदनमा आएसँगै शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्ने बताउनुभयो। जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलनमा घाइते भई अपाङ्ग भएका व्यक्तिहरूले भोगिरहेको संवेदनशील समस्याहरू समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले सामाजिक सुरक्षा भत्ताका निम्ति राष्ट्रिय परिचयपत्र अनिवार्य गरेसँगै ज्येष्ठ नागरिकले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सङ्क्रमणकालीन न्यायसम्बन्धी टीआरसी विधेयक छलफलमा आएको र यसले शान्ति स्थापनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रम प्रारम्भ भएको जानकारी गराउनुहुँदै माननीय सदस्य कमला पन्तले सोध्नुभएको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग सम्बन्धित लिखित प्रश्नको उत्तर सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त लिखित प्रश्नको उत्तर सभासमक्ष टेबुल गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले कार्यसूचीका मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रम सुरु भएको बताउँदै माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही **१ मिनेटभित्र** पुरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा समेत जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **गृह मन्त्रालयसँग** सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ भएको बताउँदै **माननीय गृह मन्त्री रमेश लेखकलाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो । त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य कृष्ण बहादुर रोकायलाई** आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो । माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्य कृष्ण बहादुर रोकायलाई पुरक प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो । त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ भएको जानकारी गराउँदै **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेलाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो। त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह (गरिमा) लाई** आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले क्रमशः दुईवटा प्रश्नहरू सोध्नुभयो । त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नहरूको क्रमशः जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**लाई पुरक प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो । त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ भएको जानकारी गराउँदै **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्कालाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह (गरिमा) लाई** आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो ।त्यसपछि, माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**लाई पुरक प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो त्यसपछि माननीय मन्त्रीले उक्त प्रश्नको जवाफ दिनुभयो।

सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेर सम्बन्धी पत्रको व्यहोरा सभा समक्ष जानकारी गराउनुभयो।

"सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मिति २०८१/३/३१ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको सिफारिसमा देहाय बमोजिम मर्यादाक्रममा हेरफेर गर्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

| क्र.सं | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री प्रकाशमान सिंह | उपप्रधानमन्त्री | सहरी विकास |

| | | | |
|---|---|---|---|
| ३. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ४. | श्री पृथ्वी सुब्बा गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ५. | श्री रमेश लेखक | मन्त्री | गृह |
| ६. | श्री शरदसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | डा. आरजु राणा | मन्त्री | परराष्ट्र |
| ८. | श्री प्रदीप यादव | मन्त्री | खानेपानी |
| ९. | श्री बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११. | श्री नवलकिसोर साह सुडी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १२. | श्री देवेन्द्र दाहाल | मन्त्री | भौतिक, पूर्वाधार तथा यातायात |
| १३. | श्री तेजुलाल चौधरी | मन्त्री | युवा तथा खेलकुद |
| १४. | श्री बद्रिप्रसाद पाण्डे | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १५. | श्री अजय कुमार चौरसिया | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १६. | श्री प्रदिप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १७. | श्री रामनाथ अधिकारी | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १८. | श्री विद्या भट्टराई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | श्री मानबीर राई | मन्त्री | रक्षा |
| २०. | श्री दिपक खड्का | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| २१. | श्री राजकुमार गुप्ता | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशासन |
| २२. | श्री ऐनबहादुर शाही ठकुरी | मन्त्री | वन तथा वातावरण |

(नारायणप्रसाद शर्मा दुवाडी)
सचिव
२०८१ साउन २४"

सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयो।

(क) "**माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्का** निजी कामको सिलसिलामा संवत् २०८१ साल साउन २१ गते संयुक्त राज्य अमेरिकातर्फ प्रस्थान

गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको **ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय**को कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारी**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(ख) **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी** भारतको नयाँ दिल्लीमा आयोजना हुने विमस्टेक व्यापार सम्मेलनमा सहभागी हुन संवत् २०८१ साल साउन २२ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री बलराम अधिकारी**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(लीलादेवि गडतौला)

मुख्यसचिव

२०८१ साउन २२"

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली**को तर्फबाट **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**लाई **"महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्री उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई "**कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन सम्बन्धी प्रतिवेदन, २०८१**" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई **"बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा उक्त सन्देश जानकारी गराई टेबुल गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल भदौ २ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव